२०11

# Sample Question Paper - २०11
## Sub : Nepali
## Class - XII

**Time : 3 hrs.** **M. Marks - 100**

प्र. 1: (क) छन्द निरूपण गर्नुहोस्। 3

न त आपद भाग्य न केहि छ यो।
सब खेल यसै मनको बुझ हो।।
यस हेतु सखे शुभ कर्म यहाँ।
मति देउ तिमी गर धर्म यहाँ।।

(ख) छन्द निरुपण गर्दा संयुक्त अक्षरको अघिल्लो अक्षर, रेफ् लागेको र विसर्ग लागेको अक्षर गुरु हुनाको कारण उदाहरण सहित बुझाउनुहोस्। 3

(ग) छन्द शास्त्रका आठवटै गणको नाम र तिनका संकेत चिन्हहरू लेख्नुहोस्। 4

(घ) अनुप्रास अलङ्कार कति प्रकारका हुन्छन्? कुनै एउटा उदाहरण दिएर बुझाउनुहोस्। 3

(ङ) उपमा अलङ्कारका चारैवटा तत्व लेख्नोस्। 2

प्र. 2: तलको अनुच्छेद पढ़ेर सोधिएका प्रश्नहरूको जवाफ लेख्नुहोस्। 2 x 5 = 10

यस (गुप्त) युगमा हामी पत्थरमा कुँदिने कलाबाट धातु मूर्तिमा पुग्दछौं। धातु मूर्ति र चित्रकला यस युगमा प्रधान र विशेष विकास हुन्। ताँबा र काँसका मूर्तिहरू अनि फलाम स्तम्भ, जो गुप्तयुगमा निर्मित भएका थिए, त्यसबाट स्पष्ट हुन्छ - धातु ढलानीको पूर्ण विकासमा आजभन्दा १६०० वर्षपूर्व पूर्ण विकासमा पुगिसकेको थियो। दिल्लीमा प्राप्त फलामको खम्बा आज पनि आश्चर्यजनक सिद्ध भएको छ। नालान्दामा हुएनसाङले ८० फूट अग्लो ताँबाको बुद्धको मूर्ति देखेका थिए रे परन्तु हामीले सुल्तानगञ्जको काँसको बुद्ध मूर्ति मात्र देखेका छौं र जसलाई मूर्तिकलाको उल्लेख्य नमूना मान्नुपर्छ।

(क) गुप्त युगमा हामी कुन कलाबाट कुन कलामा पुग्दछौं ?
(ख) धातु ढलानी आजभन्दा कति वर्ष अघि नै शुरू भएको थियो?
(ग) हुएनसाङले कहाँ के देखेका थिए?
(घ) गुप्त युगमा कुन-कुन धातुका मूर्ति निर्माण हुन्थे?
(ङ) मूर्तिकलाको उल्लेख्य नमूना कहाँ भेटिन्छ?

प्र. 3: कुनै एउटा विषयमा रोचक निबन्ध लेख्नुहोस्। 10

(क) विश्वकप फुटबल २०१०।
(ख) आजका युवा पश्चिमे हुन खोज्नुका कारणहरू।
(ग) नेपाली संस्कृतिका आधारहरू।
(घ) रुपियाँको महत्त्व।

प्र. **4**: शिक्षामा गुणस्तरीयता ल्याउन सकिने उपायहरू बताउँदै शिक्षा अधिकारीलाई एउटा पत्र लेख्नुहोस् । **5**

प्र. **5**: (क) 'रूपको मूल्य' कथाकी नायिका रानुको रूपको वर्णन गर्नुहोस् । **5**

(ख) 'चपरासी' कथाले दार्जीलिङ्गे जनताको दर्दलाई बोकेको छ । - यस भनाइलाई पुष्टि गर्नुहोस् । **5**

(ग) 'पीपाको हवल्दार' कथाबाट एकजुट हुने शिक्षा पाइन्छ । प्रमाणित गर्नुहोस् । **5**

(घ) रने माझीले किन अनि के कारण ज्यान गुमाउनु पऱ्यो? **5**

प्र. **6**: (क) 'अभागी जिनियस'-को थिए? संक्षेपमा परिचित गराउनुहोस् । **3**

(ख) मानिसले भगवानलाई ढोगेको देखेर 'नमस्ते' निबन्धमा निबन्धकार कस्ता विचार व्यक्त गर्छन् ? **4**

(ग) 'प्यारो सपना' निबन्धमा एकजना पण्डितले निबन्धकारलाई सुनाएको पुराणको प्रसङ्ग कस्तो छ? **3**

प्र. **7**: (क) सप्रसङ्ग व्याख्या गर्नुहोस् । **5**

लामा लामा बिरालीको गोडामा ताँति लाग्दछ ।
तैपनि घरमा मूसो असाध्यसित जाग्दछ ।।

(ख) वर्षा ऋतुको आगमनले लोकमा के कस्तो प्रभाव पर्छ? पाठका आधारमा लेख्नुहोस् । **5**

प्र. **8**: (क) नेपाली नाटकको विकास कथा अन्तर्गत पृष्ठभूमि कालको चर्चा गर्दै कुनै पाँचवटा नाटकको नाम लेख्नुहोस् । **5**

(ख) 'बोक्सी' एकाङ्कीमा भुनेलाई कस्तो विमारी लागेको थियो ? ऊ किन आफ्नी आमालाई नै बोक्सी सम्झन थाल्यो ? **$2\,^1/_2 + 2\,^1/_2 = 5$**

प्र. **9**: (क) उसले चन्द्रप्रकाशलाई देख्नासाथ मुसुक्क हाँसेर भनी, "बात गर्न लाग्नुभएपछि त तपाईं संसारै बिर्सनु हुँदो रहेछ नि!"

(i) उक्त गद्यांशका लेखक र पाठको शीर्षक लेख्नुहोस् । **2**

(ii) यहाँ चन्द्रप्रकाशसँग मुसुक्क हाँस्ने को हुन्? **1**

(iii) चन्द्रप्रकाश कोसँग बात गर्दा अल्मलिएको थियो? **2**

(ख) चन्द्रप्रकाश बर्माबाट भारत फर्कंदाका केही प्रमुख घटनाहरू वर्णन गर्नुहोस् । **5**